मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल ।

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

पत्र संख्या.:०७९।८०
चलानी नं.:

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति २०७९।१०।१६**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ( प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७९।८०, च.नं. PMEP/३६३, मिति २०७९।०३।२२ को प्राप्त पत्रानुसार यस मायादेवी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागी आवश्यक रोजगार सहायक पद खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|
| २९/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १(एक) जना |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो उतीर्ण गरेको,
ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,
घ. नेपाल सरकारको प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्ने,

**२. दरखास्त दिने स्थानः** मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पकडी,कपिलवस्तु ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०७९।११।०१ गते, यदि उक्त दिन सार्वजनिक विदा परेको खण्डमा विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन कार्यालय समय भित्र ।

**४. आवेदन दस्तुरः** रु ५००/- (पाँच सय मात्र)

**५. छनौटको किसिमः** प्राराम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा

**६. आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

- नागरिकता
- कम्तीमा न्युनतम भए माथिल्लो योग्यताको समेत लब्धांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाण पत्र
- अनुभव भए सोको कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो
- नेपाल बाहिरा अध्यन्न गरेको खण्डमा समकक्षता प्रमाण-पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

**७. सेवा सुविधा तथा अन्यः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा (१३) र (१४) बमोजिम हुनेछ ।

**नोटः** आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठयक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी यस गाउँपालिकाको वेवसाईट www.mayadevimunkapilvastu.gov.np मा गई डाउनलोड गर्न सकिन्छ ।

..........................................
प्रमेश्वर यादव
प्रमुख प्रशासकीय अधिकृत

CamScanner